# 2026

# NEPALI

## (Modern Indian Language)

**Full Marks : 100**

**Pass Marks : 33**

**Time : Three hours**

**प्रश्नसंख्या 1 देखि 12 सम्म सोधेका प्रश्नहरूको सहि उत्तर दिएका विकल्पहरूबाट चुनेर फेरि लेख :**

1. 'आवरण' शब्दको विपरीतार्थक शब्द लेख। 1

(क) अनासक

(ख) अवरोह

(ग) अनावरण

(घ) अधम

2. 'घमण्ड़ी' शब्दको पर्यायवाची शब्द लेख। 1

(क) अठोट

(ख) अहंकार

(ग) अधिक

(घ) आकांक्षा

3. जो कहिलै पनि मर्दैन त्यो हो — 1

(क) अमर

(ख) अजेय

(ग) अपुतो

(घ) अजंग।

4. 'आँखा तर्नु' वाग्धाराको अर्थ हुन्छ — 1

(क) रीस देखाउनु

(ख) इशारा गर्नु

(ग) मर्नु

(घ) ठग्नु।

5. भार उठाउनु वाग्धाराको अर्थ हुन्छ — 1

(क) चुप लाग्नु

(ख) दया जाग्नु

(ग) पल्याउनु

(घ) अभिभारा लिनु।

6. दावा — आफनो अधिकार कदापि खोसिने छैन। 1

कारण — यो भनाई कुँवरकी आमाको हो।

(क) दावा गलत छ

(ख) कारण गलत छ

(ग) दुवै गलत छन

(घ) दुवै सही छन।

7. दावा — नेपाली जाति एउटा समन्वय प्रक्रियाको परिणाम होइन। 1

कारण — शब्द वाक्यको अंश मानिन्छ।

(क) दावा गलत छ

(ख) कारण गलत छ

(ग) दुवै गलत छन

(घ) दुवै सही छन।

8. दावा — साहित्यको विकास जीवनरक्षा संग गासिएको देखिन्छ। 1

कारण — कला र जीवनको सम्बन्धले साहित्य र जीवनको सम्बन्ध जाहेर गर्छ।

(क) दावा गलत छ

(ख) कारण गलत छ

(ग) दुवै गलत छन

(घ) दुबै सही छन।

9. दावा — भेला भएका सानातिना कमरैड्हरु जुरुक्क उठेर भागे। 1

कारण — कमरेड् करविरले भन्यो; कमरेड् लालमणिजी की जय।

(क) दावा गलत छ

(ख) कारण गलत छ

(ग) दुबै गलत छन

(घ) दुबै सही छन।

10. दावा — जन्मेको मानिस मर्दैन। 1

कारण — उम्रेको बिरूवा बढेर रूख हुन्छ।

(क) दावा सही छ

(ख) कारण सही छ

(ग) दुबै गलत छन

(घ) दुबै सही छन।

11. 'मनको वह कतै नकह'— यसको अर्थ के हुन्छ? 1

(क) मनको दु:ख सबैलाई सुनाउनु

(ख) मनको दु:ख कसैलाई नसुनाउनु

(ग) मनको दु:ख मनैमा राख्नु

(घ) मनको दु:ख हाँसेर उड़ाउनु।

12. चर्को भन्दा चर्को व्याज कसले खान्थियो? 1

(क) बोसानीयोले

(ख) सेक्सपियर

(ग) एन्टोनीयोले

(घ) साइलकले

**प्रश्नसंख्या 13 देखि 20 सम्मका प्रश्नहरूको उत्तर भरसक एउटा शब्द वा एउटा वाक्यमा लेख :**

13. व्यापारको सम्बन्धमा लेखिने पत्र कुन हो? 1

14. भोटमा सुन छ मेरो कान बच्चै छ — शुद्ध पारेर लेख। 1

15. 'भातमा सीङ उम्रनु'— वाग्धाराको अर्थ लेख। 1

16. कविले क-कसलाई भगाएका कुरा गर्छन? 1

17. अति उत्तम ज्ञान के ले दिलाउछ? 1

18. 'मन त फलामकै भए असल हुन्छ' — कविताका कबि को हुन? 1

19. कसको मन जहिले पनि जलेकै छ जतापनि ढलेकै छ? 1

20. सगरमाथाको चुचुरामा हामी के पिउछौ? 1

**प्रश्नसंख्या 21 देखि 35 सम्मका प्रश्नहरूको उत्तर संक्षेपमा लेख :**

21. स्मारक पत्र केलाई भनिन्छ? 2

22. चिटठी-पत्र गर्नुपर्ने एउटा प्रयोजन लेख। 2

23. दफ्तरमा लेखिने पत्र कसतो प्रकारको हुनु पर्दछ? 2

24. "डरलाग्दो" शब्दको कुनै दुईवटा पर्यायवाची शब्द लेख। 2

25. "कोठी" शब्दको अनेकार्थक शब्द लेख। 2

26. "जसको परिमाण छैन" ; "जो मासु खान्छ" — सारशब्द लेख। 2

27. निबन्ध लेखनमा भुमिकाको के महत्व छ? 2

28. गैर-कानुनी औषधि के के लाई भनिन्छ? 2

29. शत्रुहरले कुँवरलाई विचलित बनाउन के गरेका रहेछन? 2

30. नेपाली भाषामा राजकीय प्रयोगका लागि शब्दहरू कहाँ-कहाँबाट लिइन्छ? 2

31. कोकलेको कसतो अवस्थामा बैनी चाहिंले मकैबारीमा चामेको भैंसी पसेको कुरा सुनाई? 2

32. लालमणिले आफनी स्वास्नीलाई रूपियाँको पोको दिएर के भन्यो? 2

33. "मन त फलामकै भए असल हुन्छ"— कविताको चार पंक्ति कंठष्थ लेख। 2

34. "मन माझि गरौ निज बुद्धि ढिटो"— उक्त हरफको अर्थ लेख। 2

35. असहाय अभागी एन्टोनीयो कसलाई भनिएको हो? 2

**प्रश्नसंख्या 36 देखि 40 सम्मका प्रश्नहरूको उत्तर संक्षेपमा नै लेख :**

36. वारह वर्ष रामायण पढयो सीता कसकी जोई — भावविस्तार गर। 3

37. समाचार पत्रको महत्व के छ? 3

38. भेला भएका युवक युवतीहरूलाई कमरेड् करबीरले के भनी भाषण दिन्छ? 3

39. "उड़ी जाँउ भने म पंछी होइन वस त मन छैन"— गौथलीले कसतो सन्दर्भमा उक्त गीत गाएकी हो? 3

40. साहित्य सुधा कविताको अन्तिम चार पंक्तिले के भन्ने अर्थ बुझाउँछ? 3

**प्रश्नसंख्या 41 र 42 को उत्तर संक्षेपमा नै लेख :**

41. तिम्रो साथीलाई एउटा शोकपत्र लेख। 4

42. "ए असहाय अभागी एन्टोनीयो!
होसियार! साइलक तिमीकहाँ
तिम्रो एक पौण्ड् मासु काटन आइरहेछ।

— उक्त पंक्तिको भावार्थ लेख। 4

**प्रश्नसंख्या 43 देखि 47 सम्मका प्रश्नहरूको उत्तर विस्तारपूर्वक लेख :**

43. तल दिइएको गद्यांश पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख। 6

देश भनेको ढुंगा र माटो होइन। देश भनेको जनता हो। मानीस हो। ती मानव आत्माहरूको सुख र समृद्धिका निम्ति आफनो स्वार्थको उत्सर्गनै स्वदेशप्रेम हो। मजदुरले, कलाकारले, सैनिकले र अन्य मानीसले पनि स्वदेशप्रेम देखाउन सक्छ।

प्रश्न :

(क) देश भनेको के हो?

(ख) देशभक्त कसलाई भनिन्छ?

(ग) स्वदेशप्रेम भनेको के हो?

44. तल दिएका सामाग्रीका आधारमा कथा रचना गर। 6

एउटा रथमा सिदार्थ आफ्नो ____________ रोगले पीड़ितको दृश्य ____________ एउटा वृद्ध मानिसको दृश्य ____________ एउटा मृत शरीरको दृश्य ____________ एउटा संन्यासीको दृश्य ____________ संसारका सबै पदार्थमा नश्वरता देख्नु ____________ गृह त्याग।

45. निम्नलिखित विषयहरू मध्ये कुनै एक विषयमा निबन्ध लेख। 5

(क) देशाटन

(ख) शिक्षाको उद्‌देश्य

(ग) पुस्तकालय।

46. "आषाढको पन्ध्र" अथवा "जीवन र साहित्य" निबन्धलाई लिएर छलफल गर। 5

47. "साइलक आईरहेछ" अथवा "साहित्य सुधा" कविताको सारांश लेख। 5